# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४६) काठमाण्डौ फागुन २७ गते २०५३ साल (संख्या ४७


## भाग ३

श्री ५ को सरकार

### युवा, खेलकूद तथा संस्कृति मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले मिति २०५३/५/१६ को निर्णयानुसार प्राचीन स्मारक संरक्षण ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी देहायको चार किल्ला भित्रको क्षेत्रलाई भक्तपुर दरवार संरक्षित स्मारक क्षेत्र घोषित गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

**पुर्व सीमाना**

भक्तपुर नगरपालिका वडा नं. ११ चालाखु देखि वडा नं. ८ वुलुहिटी सम्मका वाटोका पूर्व पट्टिका पहिलो लाइनका सवै कित्ताहरु , वुलुहिटीको पूर्व सुकुलढोका , गोलमढी पलिखेल इनाचो हुदै तचपाल सम्मको वाटोका दुवै तर्फका पहिलो लाइनका कित्ताहरु, दत्तात्रय मन्दिर वरिपरिका सम्पूर्ण कित्ताहरु, वलाखु गणेश घो छें देखि वालाखु गणेश मन्दिर सम्मको पूर्व तर्फका वाटोमा जोडिएका पहिलो लाईनका कित्ताहरु, वालाखु गणेश देखि अरनिको सभा भवन, जगन्नाथ मन्दिर हुदै वुलुहिटी सम्म लगायतका यसैसाथ संलग्न नक्शामा देखाइए अनुसारका क्षेत्रहरु समेत ।

**पश्चिम सीमाना**

भक्तपुर नगरपालिका वडा नं. १३ क्वालाछे देखि पश्चिम र उत्तर गल्ली हुदै खौमा उमामहेश्वर हुदै भ.पु.न.पा. वडा नं. १५ इन्द्रायणी सम्मका पश्चिम तर्फका वाटोका पहिलो लाइनका यसैसाथ संलग्न नक्शामा देखाइए अनुसारका क्षेत्रहरु सम्म तथा इन्द्रायणी देखि सानो व्यासी समेत ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## उत्तर सीमाना

यसैसाथ नक्शामा देखाए अनुसार भ.पु. न.पा. वडा नं. १५ को कि.नं. ९१, ९६, १०५ हुदै श्री शारदा मा. वि. हुदै थालाछे समेत ।

## दक्षिण सीमाना


भक्तपुर नगरपालिका वडा नं. १३ क्वालाछे किसिमह्म गल्ली, इच्छु , वडा नं. १२ को सोमला गल्ली सम्म गल्लीको दक्षिण तर्फका पहिलो लाइनका सवै कित्ताहरु , तौमढी, गाहिटी हुँदै चांलाखु सम्मको बाटोवाट दक्षिण तर्फका पहिलो लाइनका यसैसाथ संलग्न नक्शामा देखाइए अनुसारका सवै कित्ताहरु समेत ।

खण्ड ३४, संख्या १६, मिति २०४१ /४/१५ को नेपाल राजपत्र भाग ३ मा शिक्षा तथा संस्कृति मन्त्रालयको नामवाट प्रकाशित यससम्वन्धी सूचना खारेज गरिएको छ ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।




मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना २

श्री ५ को सरकारले मिति २०५३/५/१६ को निर्णयानुसार प्राचीन स्मारक संरक्षण ऐन, २०१३ को दफा ३ को अधिकार प्रयोग गरी देहायको चार किल्ला भित्रको क्षेत्रलाई ललितपुर दरवार संरक्षित स्मारक क्षेत्र घोषित गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

पूर्व सीमाना

ललितपुर उप.म.न.पा. वडा नं. १२ चकवहिल वालकुमारी स्थान देखि उत्तर हःखा , छुसिका गल्ली हुदै ल.पु.उप.म.न.पा. वडा नं. ११ भण्डारखाल पर्खालसंगैको गल्ली बाटो र जेतवर्ण महाविहार हुंदै क्वाको वलखु गणेश स्थानसम्मको गल्लीका पूर्व पट्टिका पहिलो लाइनका कित्ताहरु लगायतका यसैसाथ संलग्न नक्शामा देखाइए अनुसारका सम्पूर्ण कित्ताहरु समेत ।

पश्चिम सीमाना

ललितपुर उप.म.न. पा. वडा नं. १९ इखालखुको चौवाटो देखि उत्तर महापाल ,क्वालखु, धलायचा वाटो हुंदै नागवहाल ढोकाबाट नागवहालको ढुङगेधारा सम्मको गल्लीका पश्चिम पट्टिका पहिलो लाइनका कित्ताहरु, इखालखुको चौवाटो वरिपरिका कित्ताहरु, ल.पु.उप.म.न.पा. वडा नं. १६ स्थित मणिमण्डप महाविहार क्वालखु देखि पश्चिम ढोका हुंदै नागवहाल ढुङगेधारा र सो वरिपरिका यसैसाथ संलग्न नक्शामा देखाइए अनुसारका क्षेत्रहरु समेत ।

उत्तर सीमाना

ललितपुर उप.म.न.पा. वडा नं. ११ वलखु गणेशस्थान देखि पश्चिम गल्ली वाटो हुदै गजेन्द्र मोक्ष नारायण , स्वथ नारायण, ग्वाछ गल्ली , झतापोल गणेशस्थान सम्मको गल्लीका पूर्वोत्तर तर्फका पहिलो लाइनका कित्ताहरु , झतापोल देखि नागवहाल ढुङगेधारो सम्मका उत्तर तर्फका झतापोल देखि कुम्भेश्वरतर्फ जाने वाटोका दुवै पट्टिका पहिलो लाइनका कित्ताहरु , कुम्भेश्वर मन्दिर क्षेत्र वरिपरिका कुम्भेश्वर ढुगें धारा उत्तरको गल्लीको उत्तर तर्फका कित्ताहरु, गाहिटी देखि कोवहाल कुम्भेश्वरवाट झतापोल जाने चोकसम्म लगायतका यसैसाथ संलग्न नक्शामा देखाइएका क्षेत्रहरु समेत ।

दक्षिण सीमाना

ललितपुर उप.म.न.पा. वडा नं. १९ इखालखु चौवाटोवाट पूर्वतर्फ जाने हौगल सम्मका गल्लीको साविक सीमानावाट दक्षिण तर्फका कित्ताहरु, हौगलवाट टंगल सम्मको मूल सडकको पश्चिम तर्फका सडकमा जोडिएका पहिलो लाइनका कित्ताहरु , इवावही र सो वरिपरिका कित्ताहरु, टंगलको मूल सडकवाट वडा नं. १२ चकवही सम्मको सडकका दक्षिण तर्फका सडकमा जोडिएका पहिलो लाइनका कित्ताहरु , वालकुमारीवाट दक्षिण तर्फको ज्यावावहिल र सो वरिपरिका कित्ताहरु लगायतका यसैसाथ संलग्न नक्शामा देखाइएका क्षेत्रहरु समेत ।

खण्ड ३४, संख्या १६, मिति २०४१/४/१५ को नेपाल राजपत्र भाग ३ मा शिक्षा तथा संस्कृति मन्त्रालयको नामवाट प्रकाशित यससम्वन्धी सूचना खारेज गरिएको छ ।

आज्ञाले,

**शरदकुमार भट्टराई**

श्री ५ को सरकारको सचिव




आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

~~800~~ 9,000

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# ललितपुर दरवार संरक्षित स्मारक क्षेत्र




आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

विज्ञान तथा प्रविधि मन्त्रालयको सूचना

राष्ट्रिय कम्प्युटर विकास समिति ( गठन ) आदेश, २०५३

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस आदेशको नाम " राष्ट्रिय कम्प्युटर विकास समिति ( गठन ) आदेश, २०५३ " रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा, -

(क) "समिति " भन्नाले दफा ३ बमोजीम गठन भएको राष्ट्रिय कम्प्युटर विकास समिति सम्झनु पर्छ ।

(ख) " अध्यक्ष " भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ग) " सदस्य " भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष तथा समितिको सदस्य -सचिवलाई समेत जनाउंछ ।

(घ) " कार्यकारी निर्देशक " भन्नाले दफा ६ बमोजीम नियुक्त कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(ङ.) " तोकिएको " वा " तोकिए बमोजीम " भन्नाले यस आदेश अन्तरगत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. समितिको गठन : (१) राष्ट्रिय कम्प्युटर विकास समिति नामको एउटा समिति गठन गरिएकोछ

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरु रहनेछन् :-

(क) सचिव विज्ञान तथा प्रविधि मन्त्रालय -अध्यक्ष

(ख) सह-सचिव, अर्थ मन्त्रालय -सदस्य

(ग) सह-सचिव, कृषि मन्त्रालय -सदस्य

(घ) सह-सचिव, भूमिसुधार तथा व्यवस्था मन्त्रालय- सदस्य

(ङ.)सह-सचिव, उद्योग मन्त्रालय -सदस्य

(च)सह-सचिव, शिक्षा मन्त्रालय -सदस्य

६०२ १००३(५)

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(छ)महानिर्देशक, केन्द्रीय तथ्यांक विभाग -सदस्य
(ज)प्रतिनिधि, नेपाल राष्ट्र बैंक -सदस्य
(झ)कार्यकारी निर्देशक, -सदस्य-सचिव

(३) समितिले आवश्यक ठानेमा कुनै स्वदेशी वा विदेशी विशेषज्ञ वा सल्लाहकारलाई समितिको वैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्ने छ ।

(४) श्री ५ को सरकारले आवश्यक ठानेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी समितिका सदस्यहरु हेरफेर वा थपघट गर्न सक्ने छ ।

४. समितिको वैठक र निर्णय :(१) समितिको वैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्ने छ ।तर, कम्तिमा वर्षको तीन पटक समितिको वैठक बस्ने छ ।

(२) कम्तिमा समितिका एक तिहाई सदस्यहरुले समितिको वैठकको लागि लिखित माग गरेमा समितिको सदस्य-सचिवले अध्यक्षको स्वीकृती लिई समितिको वैठक बोलाउनु पर्ने छ ।

(३) समितिको सदस्य -सचिवले वैठक बस्ने सूचनाको साथमा वैठकमा छलफल हुने विषयहरुको सूची सदस्यहरुलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) समितिको कुल सदस्य संख्याको पचास प्रतिसत सदस्यहरु उपस्थित भएमा समितिको वैठकको लागि गण पूरक संख्या पुगेको मानिने छ ।

(५) समितिको वैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुस्पस्थितिमा सदस्यहरुले आफू मध्येबाट छानेको सदस्यले वैठकको अध्यक्षता गर्नेछ ।

(६) समितिको वैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबंर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिको निर्णय समितिको सदस्य सचिवद्धारा प्रमाणित गरिने छ ।

(८) समितिको वैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजीम हुनेछ ।

५. समितिको काम कर्तव्य र अधिकार : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) श्री ५ को सरकारको मन्त्रालय, सचिवालय, आयोग, विभाग एवं कार्यालयहरुमा कम्प्युटर प्रविधिको स्थापना र संचालन सम्बन्धमा परामर्श सेवा उपलब्ध गराउने ।

(ख) श्री ५ को सरकारको पूर्ण वा आंशिक स्वामित्वमा रहेका संघ, संस्था र विदेशीसंस्थाहरुसंग समन्वय गरी कार्यक्रमहरु संचालन गर्न ।

(घ) अन्तरराष्ट्रिय क्षेत्रमा कम्प्युटर प्रविधिमा भएको विकास एवं विस्तारलाईदेशको आवश्यकता र क्षमता अनुरुप अद्यावधिक गर्दै लाने र यस्ता विषयको सूचना तथा आवश्यक परामर्शको विवरण आवधिक रुपमा विज्ञान तथा प्रविधि मन्त्रालयमा पेश गर्ने ।

(ङ) राष्ट्रिय कम्प्युटर केन्द्रमा एउटा राष्ट्रिय सूचना कोष (डाटा बैंक) खडा गरी सो कोषको लागि आधिकारीक सूचनाहरु संग्रह गर्ने । त्यस्ता सूचनाहरु कुनै निकायबाट माग भै आएमा श्री ५ कोसरकारले स्वीकृति लिई उपलब्ध गराउने ।

(च) कम्प्युटर सम्बन्धी जनशक्ति विकासको लागि कम्प्युटर शिक्षण, प्रशिक्षण संचालन गर्ने, कम्प्युटर प्रशिक्षणको लागि गुणस्तरयुक्त

१००४ ८०४



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पाठ्यक्रम तयार गर्ने, मापदण्ड बनाउने, कम्प्युटर प्रविधिकोसम्बन्धमा सरकारी वा गैर सरकारी निकायबाट माग भै आएमा परामर्श सेवा उपलब्ध गराउने तथा कम्प्युटर प्रविधिसम्बन्धी अन्य कामहरु गर्ने ।

(छ) कम्प्युटर प्रविधिको सम्बन्धमा निर्धारित लक्ष्य अनुरुप समय समयमा राष्ट्रिय एवं अन्तराष्ट्रिय स्तरको कम्प्युटर प्रविधि सम्बन्धी कार्यशाला गोष्टी, सेमिनार आदिको आयोजना र संचालन गर्ने ।

(ज) कम्प्युटर सम्बन्धी कामको गहनता, गोपनीयता र स्तरीयतालाई ध्यानमा राखी कम्प्युटर प्रविधिको विकासमा निजी क्षेत्रलाई समेत आवश्यकता अनुसार संलग्न गराउने ।

(झ) स्वीकृत दरवन्दी अनुरुप कर्मचारीहरुको नियुक्ति गर्ने ।

(ञ) कम्प्युटर सम्बन्धी नीति र कार्य योजना तर्जुमा गरी श्री ५ कोसरकार समक्ष पेश गर्ने ।

(ट) राष्ट्रिय कम्प्युटर केन्द्रको वार्षिक वजेट र कार्यक्रम तर्जुमा गरी स्वीकृत गर्ने

(ठ) समितिको उदेश्य प्राप्तीको लागि आवश्यक अन्य कार्यहरु गर्ने ।

६. कार्यकारी निर्देशक : (१) कम्प्युटर विज्ञानमा स्नातक गरी सम्बन्धित क्षेत्रमा कम्तीमा पांच वर्षको अनुभव प्राप्त व्यक्तिलाई श्री ५ को सरकारले कार्यकारी निर्देशकको पदमा नियुक्त गर्नेछ ।

(२) कार्यकारी निदशकको पदावधि चार वर्षको हुनेछ र श्री ५ को सरकारले चाहेमा निजको पदावधि पुनः बढीमा एक अवधिको लागि थप गर्न सक्नेछ । सरकारले चाहेमा निजको पदावधि पुनः बढीमा एक अवधिको लागि थप गर्न सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यकारी निर्देशकले समितिको हित विपरित हुने काम कारवाही गरेमा श्री ५ को सरकारले निजको
पदावधि पूरा नहुदै कार्यकारी निर्देशकको पदबाट हटाउन सक्नेछ ।
तर निजलाई पदबाट हटाउनु अघि सफाई पेश गर्ने मौका दिइनेछ ।

(४) कार्यकारी निर्देशकको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्तहरु तोकीए वमोजीम हुनेछन्।

७. कर्मचारी सम्बन्धी व्यवस्था : (१) समितिको कार्य_संचालनको लागि समितिले आवश्यक कर्मचारीहरु नियुक्त गर्नेछ ।

(२) उपदफा (१) वमोजीम नियुक्त कर्मचारीहरुको पारिश्रमिक सेवाको शर्त तथा सुविधाहरु तोकीए बमोजीम हुनेछन् ।

८. समितिको कोष : (१) समितिको एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरु रहने छन् :

(क) श्री ५ को सरकारबाट प्राप्त रकम,

(ख) कुनै विदेशी सरकार संगठित संघ वा संस्थाबाट अनुदान वा ऋण स्वरुप प्राप्त रकम,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) समितिले उपलब्ध गराएको सेवाबाट उठेको रकम,

(घ) अन्य कुनै श्रोतबाट प्राप्त रकम ।

(२) समितिले उपदफा (१)को खण्ड (ख) बमोजीमको कुनै रकम लिनु अघि श्री ५ को सरकारको स्वीकृति लिनु पर्नेछ ।

(३) समितिको कोषको संचालन तोकीए बमोजीम हुनेछ ।

९ समितिको लेखा र लेखापरक्षीण : (१) समितिको आयव्ययको लेखा प्रचलित कानुन बमोजीम राखिनेछ ।

(२) समितिको लेखा परीक्षक महालेखा परीक्षकद्धारा हुनेछ ।

(३) श्री ५ को सरकारले चाहेमा जनसुकै बखत समितिको हिसाब किताब जांच्न वा जंचाउन सक्नेछ ।

१०. समितिसंगको ठेक्का पट्टा : समितिको तर्फबाट गरिने सबै ठेक्का पट्टा समितिको स्वीकृति लिई कार्यकारी निर्देशकले गर्नेछ र त्यसरी गरिएको ठेक्का पट्टा समितिले गरेको मानिनेछ ।

११. उपसमिति गठन गर्न सक्ने : समितिले आफ्नो कार्य संचालन गर्नको लागि आवश्यक अनुसार उपसमितिहरु गठन गर्न सक्नेछ र त्यसरी गठन भएको उपसमितिको काम, कर्तव्य, अधिकार तथा बैठक सम्बन्धी कार्यविधि समितिले तोकिदिए बमोजिम हुनेछ ।

१२. अधिकार प्रत्यायोजन : समितिले आफूलाई प्राप्त अधिकारहरु मध्ये आवश्यक्ता अनुसार केही अधिकार अध्यक्ष, सदस्य, कार्यकारी निर्देशक, दफा ११ बमोजिमको उपसमिति वा समितिको अन्य कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१३. श्री ५ को सरकारसंग सम्पर्क : समितिले श्री ५ को सरकारसंग सम्पर्क राख्दा विज्ञान तथा प्रविधि मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

१४. समितिको कार्यालय र नाम : (१) समितिको कार्यालय काठमाण्डौं उपत्यकामा रहनेछ र समितिले आवश्यकता अनुसार नेपाल अधिराज्य भित्र शाखा कार्यालयहरु समेत खोल्नसक्नेछ ।

(२) समितिको कार्यालयको नाम " राष्ट्रिय कम्प्युटर केन्द्र " को नामले प्रचलित रहनेछ ।

१५. नियम बनाउने अधिकार : समितिलें आफ्नो कार्य संचालनको लागि आवश्यक नियमहरु बनाउन सक्नेछ र त्यस्ता नियमहरु श्री ५ को सरकारबाट स्वीकृत भएपछि मात्र लागू हुनेछन् ।

१६. खारेजी र बचाउ : (१) राष्ट्रिय कम्प्युटर विकास समिति (गठन) आदेश, २०३१ खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजीमको गठन आदेश बमोजिम भए गरेका काम कारवाहीहरु यसै गठन आदेश बमोजीम भए गरेका मानिने छन् ।

आज्ञाले,

**जगदीश्वर उपाध्याय**

श्री ५ को सरकारको सचिव

१००६८

५०६



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।